**संघीय संसद्**

# राष्ट्रिय सभा

**छैठौं अधिवेशन**

**बैठक - ०७**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ ५ गते सोमबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैठौं अधिवेशन**को **सातौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले सभा समक्ष प्रस्तुत गर्नुभएको "सम्माननीय राष्ट्रपतिले सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलको क्रम जारी रहेको जानकारी गराउनु हुँदै उक्त आ. व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. खिम लाल भट्टराई
२. मा. जग प्रसाद शर्मा
३. मा. तारा देवी भट्ट
४. मा. दिल कुमारी रावल थापा (पार्वती)
५. मा. इन्दिरा देवी गौतम
६. मा. जीवन बुढा
७. मा. खिम कुमार वि. क.
८. मा. हरि राम चौधरी
९. मा. रामचन्द्र राई
१०. मा. महेश कुमार महरा
११. मा. गंगा कुमारी बेलबासे
१२. मा. गोपाल भट्टराई
१३. मा. रामनारायण विडारी
१४. मा. अगम प्रसाद वान्तवा राई
१५. मा. राम लखन चमार
१६. मा. सुमित्रा बी. सी.
१७. मा. नैनकला ओझा
१८. मा. शारदा देवी भट्ट
१९. मा. उदया शर्मा/पौडेल
२०. मा. नरपति लुवार
२१. मा. दिपा गुरुङ
२२. मा. तारामान स्वाँर
२३. मा. भैरव सुन्दर श्रेष्ठ

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिले २०७७ जेठ २ गते संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ. व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा बोल्ने क्रम जारी रहने जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको **अर्को बैठक २०७७ साल जेठ ६ गते मंगलबार बिहान ११:०० बजे** बस्ने गरी **दिनको १:३५ बजे बैठक स्थगित** भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसद्को महासचिव**